# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल माघ महिना १५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय उर्लाबारीबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| राई जित सिंह राईको नाति हैकम सिंह राईको छोरा मोरङ्ग जिल्ला सिजुवा वडा नं. ८ हाल, रतुवामाई न.पा. वडा नं. ६ बस्ने **गणेश कुमार राई** (ना.प्र.नं. :३१९०/२९५४ जारी मिति र जिल्ला : २०४६/०२/०६, मोरङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) हैकम सिंह राईको नाति गणेश कुमार राईको छोरा मोरङ्ग जिल्ला सिजुवा वडा नं. ८ हाल, रतुवामाई न.पा. वडा नं. ६ बस्ने **मचिन्द्र राई** (ना.प्र.नं. : ०५२०५५/१३५९६ जारी मिति र जिल्ला : २०७०/०२/२३, मोरङ्ग) |
| २) मक बहादुर राइको छोरी हैकम सिंह राइको बुहारी, गणेश कुमार राइको पत्नी मोरङ्ग जिल्ला सिजुवा वडा नं. ८ हाल, रतुवामाई न.पा. वडा नं. ६ बस्ने **शिव कुमारी राइ** (ना.प्र.नं. : ०५३०५५/११८५ जारी मिति र जिल्ला : २०६३/१२/२०, मोरङ्ग) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

## मुक्तिनाथ विकास बैंक लि.
## MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**